## सम्वत् २०८१ साल चैत ०७ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरूः

१. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः उच्च तथा जिल्ला अदालत सुदृढीकरण रकम बाँडफाँट गर्ने।

२. आर्थिक मामिला तथा योजना मन्त्रालयः आ.व. २०८२/८३ को लागि वित्तीय समानीकरण अनुदान तथा राजश्व बाँडफाँटको सीमा स्वीकृत गर्ने।

३. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयको लागि रकम बाँडफाँड गर्ने।

४. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः समस्याग्रस्त सहकारी संस्था वा संघ व्यवस्थापन समितिको सदस्य सचिव शाखा अधिकृत चन्द्र बहादुर कार्कीलाई तोक्ने।

५. स्वास्थ्य मन्त्रालयः कोशी प्रदेश जनस्वास्थ्य नियमावली, २०८१ लाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

६. मन्त्रिपरिषद्, राजनैतिक तथा प्रशासन समितिको बैठकबाट परिमार्जन भएको "आर्थिक मामिला तथा योजना मन्त्रालय र मातहतका कार्यालयको संगठन संरचना तथा दरबन्दी तेरिज, २०८१" स्वीकृत गर्ने।

७. नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम कोशी प्रदेश, प्रदेश सभाको छैठौं अधिवेशन मिति २०८१।१२।०७ गते बिहिवार रातको १२:०० बजे देखि अन्त्य गर्न माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गर्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

**सम्वत् २०८१ साल चैत १९ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः केराबारी गाउँपालिका, मोरङको साबिक ९ नं. वडा विभाजन गरी ९ नं. वडा र ११ नं. वडा कायम गर्ने प्रयोजनको लागि नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस गर्ने।

२. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः कोशी प्रदेश भरीमा सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायको लागि तथा सम्बन्धित जातजाति तथा समुदायको लागि २०८२ सालको सार्वजनिक बिदा एवम् पर्व बिदा थप गर्ने।

३. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः यातायात कार्यालयहरूको संरचनात्मक सुधारमा बजेट बाँडफाँट गर्ने।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयः कोशी प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयः योगदानमा आधारित निवृत्तिभरण सम्बन्धी विधेयकको मस्यौदा गर्न बनेको अवधारणा पत्रमा सिद्धान्त स्वीकृति प्रदान गर्ने।

६. सामाजिक विकास मन्त्रालयः कोशी प्रदेशमा शैक्षिक परामर्श सेवा, ब्रिज कोर्श तथा भाषा शिक्षण कक्षा सञ्चालन अनुमति र नियमन सम्बन्धी विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

**सम्वत् २०८१ साल चैत २९ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:**

१. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः मालपोत तथा नापी कार्यालयहरूको भौतिक संरचना सुधारमा बजेट बाँडफाँट गर्ने।

२. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः हाजामा आन्दो कर्पोरेसन, कंचनपुर, ससरीको नाममा रहेको पाँचवटा सवारी साधनमा नवीकरण दस्तुर तथा कर छुट दिने।

३. खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयः सब-इन्जिनियर श्री योगेश गौतमको अध्ययन बिदाको अवधि २०८१ जेठ ३ देखि २०८३ जेठ ७ सम्म २ वर्ष थप गर्ने।

४. पर्यटन, वन तथा वातावरण मन्त्रालयः कोशी प्रदेश सरकार अन्तर्गतका सरकारी निकायहरू, सङ्घीय सरकारका कार्यालयहरू तथा स्थानीय तहबाट प्रेषित गरिने चिठीपत्र, औपचारिक रूपमा गरिने गोष्ठी, सेमिनार, अन्तरक्रिया कार्यक्रममा प्रयोग गरिने ब्यानर लगायतका अन्य उत्पादन, प्रसारण, वितरण सामग्रीहरूमा कोशी प्रदेश पर्यटन वर्ष, २०८२ को लोगो, नारा र मस्कट प्रयोग गर्ने। कोशी प्रदेशमा कार्यक्षेत्र रहेका वित्तीय संस्था, सहकारी संस्था, शिक्षण संस्था, विद्यालय, विश्वविद्यालय, उद्योग, प्रतिष्ठान, पर्यटन व्यवसायी, निजी क्षेत्र लगायतका संघ संस्थाबाट प्रेषित गरिने चिठीपत्र, औपचारिक रूपमा गरिने गोष्ठी, सेमिनार, अन्तरक्रिया कार्यक्रममा प्रयोग गरिने ब्यानर लगायतका अन्य उत्पादन, प्रसारण, वितरण सामग्रीहरूमा कोशी प्रदेश पर्यटन वर्ष, २०८२ को लोगो, नारा र मस्कट प्रयोग गर्न अनुरोध गर्ने।

५. सामाजिक विकास मन्त्रालयः हलेसी महादेवस्थान विकास समितिको अध्यक्षमा डिल्ली कुमार राईलाई नियुक्ति र ३ जना सदस्य मनोनयन तथा बृहत्तर वराहक्षेत्र विकास समितिको अध्यक्षमा प्रकाश बस्नेतलाई नियुक्ति र ३ जना सदस्य मनोनयन गर्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*